नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा विभाग

सानोठिमि, भक्तपुर

प.सं. ०७४/७५

च.नं. ३६

मिति :- २०७४/१२/१८

**बिषय : विद्यार्थी भर्ना एवम् पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धमा ।**

श्री क्षेत्रीय शिक्षा निर्देशनालय

सवै ।

प्रस्तुत विषयमा नयाँ शैक्षिक सत्र, २०७५ शुरू हुन लागेको सन्दर्भमा विद्यार्थी भर्नाको समयमा नै तत्काल विद्यार्थीको हातमा सेटमा पाठ्यपुस्तक पुऱ्याउने कार्यलाई प्रभावकारी बनाउन निम्नानुसार गर्नु गराउन हुन निर्देशानुसार अनुरोध छ ।

१. त्यहाँ प्रदेशसँग सम्बन्धित माननीय सामाजिक विकास मन्त्रीज्यूको विशेष आतिथ्यमा पाठ्यपुस्तक वितरण व्यवस्थापन समितिका सदस्यहरुको उपस्थितिमा मिति २०७४/१२/२१ गतेसम्म क्षेत्रीय अनुगमन समितिको बैठक राख्न पहल गर्नुहुन र बैठकमा आवश्यकता अनुरुप छलफल, अन्तर्क्रिया एवं निर्णय गरी त्यस क्षेत्र अन्तर्गतका विद्यालयहरूमा तुरुन्त पाठ्यपुस्तक पुऱ्याउन जिशिकाहरू, जनक शिक्षा र निजी मुद्रक तथा बिक्रेताहरूलाई निर्देशन दिनुहुन,

२. स्थानीय तह मार्फत सामुदायिक विद्यालयको खातामा निकासा भएको निःशुल्क पाठ्यपुस्तक वापतको अनुदान रकमबाट चैत्र मसान्तभित्रै सवै सामुदायिक विद्यालयहरूले पाठ्यपुस्तक खरिद गरिसक्न स्थानीय तहलाई अनुरोध गर्नुहुन र भर्ना अवधीको समयमै तत्काल सेटमा पाठ्यपुस्तक पाएको सुनिश्चिततताका लागि स्थानीय तहबाटै अनुगमन हुन समेत अनुरोध गर्नु हुन,

३. शैक्षिक सत्रको शुरू दिनदेखि नै विशेष गरी बैशाख ५ गते विद्यार्थी भर्ना तथा पाठ्पुस्तक वितरणमा विशिष्ट व्यक्तिहरूको संलग्नता हुने भएकोले आवश्यकता अनुसार समन्वय र सहजीकरण गर्नु हुन,

४. क्षेशिनिका एकजना अधिकृतस्तरको कर्मचारीलाई भर्ना अभियान तथा पाठ्यपुस्तक सम्बन्धी फोकल पर्सन तोकी यस विभागलाई प्रगतीको जानकारी दिनु हुनका साथै क्षेत्रभित्रको पाठ्यपुस्तक वितरण सम्वन्धी प्रतिवेदन फोकल पर्सन मार्फत गर्नु गराउनु हुन,

५. विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरणको नियमित अनुगमन निरीक्षण गरी प्रतिवेदन पठाउनु हुन ।

देवीराम अर्याल

उप निर्देशक

उप-निर्देशक